नेपाल सरकार

# राष्ट्रिय परीक्षा बोर्ड

## शैक्षिक-सत्र २०७९/०८० को परीक्षा सम्बन्धी वार्षिक कार्यतालिका

### परीक्षा नियन्त्रण कार्यालय कक्षा ११/१२

**रजिस्ट्रेसन आवेदन फाराम वितरण** :

कक्षा ११ मा भर्ना भएका विद्यार्थीहरूका लागि २०७९ कार्तिक मसान्तभित्र रजिस्ट्रेसन आवेदन फाराम वितरण गर्ने।

**रजिस्ट्रेसन आवेदन फाराम भर्ने** :

कक्षा ११ मा नयाँ भर्ना भएका विद्यार्थीहरूको रजिस्ट्रेसन आवेदन फाराम २०७९ पौष १५ गतेसम्म भरिसक्नुपर्ने (रजिस्ट्रेसन बापतको शुल्क जम्मा गरेको बैंक भौचर पौष १५ गते भित्रको हुनुपर्ने)। विलम्ब शुल्क सहित रजिस्ट्रेसन आवेदन फाराम भर्ने अन्तिम म्याद २०७९ पौष मसान्तसम्म हुने र विलम्ब शुल्क सहित रजिस्ट्रेसन बापतको शुल्क जम्मा गरेको भौचर पौष मसान्त सम्मको हुनुपर्ने।

**रजिस्ट्रेसन आवेदन फाराम बुझाउने** :

विद्यालयहरूले २०७९ माघ १५ गतेभित्र बोर्डका सम्बन्धित कार्यालयमा रजिस्ट्रेसन आवेदन फाराम बुझाउनुपर्ने। (विद्यार्थीको रजिस्ट्रेसन भर्न छुट हुन गई कुनै समस्या भएमा सो समस्याको जवाफदेही स्वयं विद्यालय हुनुपर्नेछ।)

**रजिस्ट्रेसन प्रमाणपत्र वितरण** :

२०७९ फागुन १५ गतेभित्र सम्बन्धित विद्यालयहरूलाई ट्रिप्लिकेट सहित रजिस्ट्रेसनको अर्धकट्टी वितरण गर्ने।

**परीक्षा आवेदन फाराम वितरण** :

कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरूको २०७९ पौष १ गतेबाट सम्बन्धित विद्यालयहरूलाई परीक्षा आवेदन फाराम वितरण गर्ने।

**परीक्षा आवेदन फाराम भर्ने/भराउने** :

२०७९ पौष १६ गतेदेखि माघ १५ गतेभित्र सम्बन्धित विद्यालय/क्याम्पसहरूले कक्षा ११ का आंशिक/ग्रेड वृद्धि र कक्षा १२ को नियमित तथा आंशिक/ग्रेड वृद्धि परीक्षार्थीहरूको परीक्षा आवेदन फाराम भराउने। (बैंक भौचर २०७९ माघ १५ गते सम्मको हुनुपर्ने)

**परीक्षा आवेदन फाराम भर्ने तथा बुझाउने (विलम्ब शुल्क सहित)** :

२०७९ माघ १६ गतेदेखि २०७९ माघ मसान्तभित्र सम्बन्धित विद्यालय/क्याम्पसहरूले विलम्ब शुल्क (दोब्बर दस्तुर) सहितको परीक्षा आवेदन फाराम भराउने। विद्यालयहरूले २०७९ फागुन १५ गतेसम्म बोर्डका सम्बन्धित कार्यालयमा परीक्षा आवेदन फाराम बुझाउनुपर्ने। (बैंक भौचर २०७९ फागुन १५ गते भित्रको हुनुपर्ने)

**परीक्षाको समय तालिका** :

२०८० साल वैशाख महिनामा सञ्चालन हुने कक्षा १२ का नियमित, आंशिक/ग्रेड वृद्धि एवं कक्षा ११ (आंशिक/ग्रेड वृद्धि) परीक्षार्थीको वार्षिक परीक्षाको समय तालिका २०७९ माघ मसान्तभित्र प्रकाशन गरिने।

**परीक्षा केन्द्र निर्धारण** :

२०८० साल वैशाख महिनामा सञ्चालन हुने कक्षा १२ को वार्षिक तथा कक्षा ११ (आंशिक/ग्रेड वृद्धि) परीक्षाको परीक्षा केन्द्र २०७९ फागुन मसान्तभित्र निर्धारण गरिने।

**प्रवेशपत्र तथा ट्रिप्लिकेट वितरण** :

२०७९ चैत मसान्तभित्र विद्यालयहरूलाई विद्यार्थीहरूको प्रवेश पत्र तथा ट्रिप्लिकेट वितरण गरिने।

**प्रयोगात्मक परीक्षा/आन्तरिक मूल्याङ्कन** :

बोर्डबाट बाह्य परीक्षक खटाइने विषयहरूको प्रयोगात्मक परीक्षाको समय तालिका सम्बन्धित विद्यालय/क्याम्पसहरूले तय गरी २०७९ फागुन मसान्तभित्र बोर्डका सम्बन्धित कार्यालयमा पेस गर्नुपर्ने। लेटर ग्रेडिङ निर्देशिका, २०७८ अनुसार विषयगत रूपमा आन्तरिक मूल्याङ्कनमा न्यूनतम 'सी' ग्रेड प्राप्त नगरेका विद्यार्थीले बोर्डबाट सञ्चालन हुने वार्षिक परीक्षामा सहभागी हुन नमिल्ने भएको हुँदा कक्षा १२ को प्रयोगात्मक/आन्तरिक मूल्याङ्कन २०७९ चैत्र मसान्तभित्र सम्पन्न गरी/गराई परीक्षार्थीको नाम र रजिस्ट्रेसन नम्बर अनुसारको प्राप्ताङ्क २०८० साल वैशाख १५ गतेभित्र बोर्डका सम्बन्धित कार्यालयहरूमा बुझाउनुपर्नेछ। कक्षा ११ को आंशिक/ग्रेड वृद्धि परीक्षार्थी २०७६ साल वा सोभन्दा अघि रजिस्ट्रेसन गराएका (**रजिस्ट्रेसन नं. का सुरुका दुई अङ्क ७६ वा सोभन्दा कम भएका**) को प्रयोगात्मक परीक्षा बाँकी भएको अवस्थामा समेत २०८० वैशाख मसान्तभित्र अनिवार्य रूपमा प्रयोगात्मक परीक्षा सम्पन्न गरी २०८० जेठ १५ गतेभित्र बोर्डका सम्बन्धित कार्यालयहरूमा प्राप्ताङ्क बुझाउनुपर्नेछ। (प्रयोगात्मक/आन्तरिक मूल्याङ्कनमा न्यूनतम C ग्रेड प्राप्त नगर्ने विद्यार्थीहरूलाई वार्षिक परीक्षामा सहभागी नगराउनुहुन समेत जानकारी गराइन्छ।)

**परीक्षा सञ्चालन** :

क) वार्षिक परीक्षा

- कक्षा १२ को वार्षिक परीक्षा २०८० वैशाख महिनाको दोस्रो हप्तादेखि सञ्चालन हुने।
- कक्षा ११ **को आंशिक/ग्रेड वृद्धि परीक्षा** २०८० वैशाख महिनाको तेस्रो हप्तादेखि सञ्चालन हुने।
- विद्यालयहरूले कक्षा ११ को वार्षिक परीक्षा २०८० वैशाख महिनाको अन्तिम हप्तादेखि सञ्चालन गर्ने।

ख) ग्रेड वृद्धि (पूरक) परीक्षा

- कक्षा १२ को वार्षिक परीक्षाको नतिजा प्रकाशन भएको मितिले ४५ दिनभित्र सञ्चालन हुने।

**नतिजा प्रकाशन** :

क) वार्षिक परीक्षा

- कक्षा १२ को वार्षिक परीक्षाको नतिजा २०८० साउन मसान्तभित्र प्रकाशन हुने।
- कक्षा ११ (**आंशिक/ग्रेड वृद्धि परीक्षार्थी**) को भाद्र मसान्तभित्र प्रकाशन हुने।

ख) ग्रेड वृद्धि (पूरक) परीक्षा

- कक्षा १२ को ग्रेड वृद्धि (पूरक) परीक्षाको नतिजा परीक्षा सञ्चालन भएको मितिले ४५ दिनभित्र प्रकाशन हुने।

**पुनर्योग** :

- **पुनर्योगका लागि निवेदन दिने समय** – नतिजा प्रकाशन भएको मितिले १५ दिनभित्र।
- **पुनर्योगको नतिजा प्रकाशन** – नतिजा प्रकाशन भएको मितिले ४५ दिनभित्र (पूरक परीक्षा सञ्चालन हुनुभन्दा अगाडि)।

**पूर्वावश्यक पाठ्यक्रम (Pre-Requisite Course) सम्बन्धी कार्यक्रम** :

क) **रजिस्ट्रेसन आवेदन फाराम भर्ने/बुझाउने** :– २०७९ असोज पहिलो हप्ताभित्र

ख) **परीक्षा आवेदन फाराम भर्ने/बुझाउने** :– २०७९ असोज मसान्तसम्म

ग) **परीक्षा सञ्चालन** :– २०७९ कात्तिक अन्तिम हप्तादेखि।

घ) **नतिजा प्रकाशन** :– २०७९ मसिर १५ गतेभित्र।

ङ) **ग्रेड वृद्धि परीक्षा सञ्चालन** :– पूर्वावश्यक परीक्षाको नतिजा प्रकाशन भएको मितिले १५ दिनभित्र।

च) **ग्रेड वृद्धि परीक्षाको नतिजा प्रकाशन** :– परीक्षा सञ्चालन भएको मितिले १० दिनभित्र।

**नोट** : रजिस्ट्रेसन तथा आवेदन फाराम भर्नुभन्दा पहिले नै शुल्कमा कुनै थपघट वा सो सम्बन्धी निर्णयमा कुनै परिवर्तन भएमा सोही अनुसार जानकारी गराइनेछ।